सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २० अंक २६८ २०७७ साल पुष २९ गते बुधबार (Jan 13, 2021) नेपाल सम्वत ११४१ पृष्ठ ४ मूल्य रु. ०५।-

## सिजनमा पनि संचालनमा आएन शित भण्डार

● प्रभात समाचार

सिन्धुली, २८ पुष / जिल्लामा उत्पादित जुनारलाई शितभण्डारमा राखि बेसिजनमा पनि राम्रो मुल्यमा विक्रि वितरण गर्ने मुख्य लक्ष्यका साथ निर्माण भएको शित भण्डार निर्माण सम्पन्न भएको करिव १४ बर्षको अवधीमा समेत संचालनमा आउन सकेको छैन । अहिले जुनारको मुख्य सिजन हो ।

२०६४ सालमा कमलामाई नगरपालिका ४ मा निर्माण सम्पन्न भएको जिल्लाको एक मात्र शित भण्डार उपयोग विहिन बनेको छ । जिल्लामा उत्पादित जुनारलाई सुरक्षित तरिकाले भण्डारण गर्ने उद्धेश्यले निर्माण गरिएको ५ सय मेट्रिक टन क्षमताको शित भण्डारमा अहिले सम्म जुनार त परै जावस केही पनि कृषि उपजको भण्डारण गरिएको छैन ।

करिव १४ वर्ष अधि १ करोड रुपैयाको लगानीमा निर्माण गरिएको शित भण्डारमा अहिले सम्म केही पनि भण्डारण नगरिएको जुनार केन्द्रिय सहकारी संघका अध्यक्ष दिपक कोईरालाले बताए ।

जुनार सहकारी संघका पूर्ण स्वामित्वमा रहेको उक्त शित भण्डारमा केही वर्ष अधि आलु भण्डारण गरिएको भएपनि, भण्डारणमा राखिएका आलु ५० प्रतिशत नष्ट भएपछि अहिले सम्म केही पनि भण्डारण नगरिएको कोईरालाले बताए ।




शित भण्डारण गर्ने कोठा ठुलो हुदाँ समस्या परेको कोईरालाले बताए । विशेष गरी जिल्लामा उत्पादित जुनार भण्डारण गर्ने उद्देश्यले निर्माण गरिएको भएपनि जुनारको घट्दो उत्पादन र बढ्दो मागका कारण भण्डारण गर्नु नपर्ने भएकाले भण्डारको उपयोग हुन नसकेको कोईरालाले बताए ।

विपि राजमार्ग संचालन पछि जिल्लामा उत्पादित जुनारको माग ह्वातै बढ्ेकाले भण्डारण गर्नु नपरेको उनले बताए । अहिले जिल्लामा उत्पादित जुनारले माग नै धान्न सक्ने अवस्था छैन, उत्पादन घट्दो छ, माग बढ्दो छ, भण्डारण कसरी हुन्छ, कोईरालाले भने ।

जिल्लामा आलु तथा अन्य विऊ विजनहरु कम उत्पादन हुने भएकाले पनि समस्या परेको कोईरालाले बताए । जुनार भण्डारण गर्दा पनि बढीमा तीन महिना भन्दा धेरै समय शित भण्डारमा राख्न नहुने, अर्को तिर कृषकहरुले थोरै सामान राख्न ल्याउदाँ ठुलो हल भएकाले लागनी बढी पर्ने, धेरै प्रकारका वस्तु भण्डारण गर्दा तापक्रम पनि फरक फरक चाहिने भएकाले समस्या परेको उनले बताए ।

यस वर्ष देखि ठुलो हललाई सानो सानो चम्वर बनाएर संचालनमा ल्याउने तयारी भईरहेको उनले बताए । फलफूलको नाममा भुईकटर नाम मात्र हो उत्पादन छैन, आलु पनि कम उत्पादन हुन्छ, कोईरालाले बताए ।

शित भण्डार निर्माणको लागी स्थानीय निकायको रू. ४० लाख र जापान सरकारको रू. ६० लाख गरी रू. १ करोड लगानीमा २०६४ सालमा शीतभण्डार निर्माण भएको थियो । कोल्ड स्टोर निर्माणका लागि जिल्ला विकास समिति, कमलामाई नगरपालिका, जुनार कृषक समूह, जुनार विकास सङ्घ तथा अन्य गाविसहरूको पनि आर्थिक सहयोग रहेको थियो ।

## राष्ट्रपतिको अपमान गर्नेलाई कारवाहीको माग

● प्रभात समाचार

सिन्धुली,२८ पुष/ अखिल नेपाल महिला संघ सिन्धुलीले प्रतिनिधिसभा विघटन र निर्वाचनको बिरुद्ध नेकपा प्रचण्ड-नेपाल समुहले गरेको सडक प्रदर्शनका क्रममा राष्ट्रपतिप्रति लक्षित गरी उछृङ्खल नाराबाजी हो ।

लोकतन्त्रमा जुलुस सभा गर्ने आफ्नो बिचार अभिव्यक्त गर्ने स्वतन्त्र हुन्छ । हाल केहि दिनहरुमा सार्वजनिक कार्यक्रममा भेला, जुलुस, नारा तथा सामाजिक सञ्जालमा असभ्य र गणतन्त्रको प्रतीकका रुपमा रहेको सम्मानित संस्था राष्ट्रपति बिरुद्ध अत्यन्तै



गर्नेहरुको पहिचानगरी कारवाही गर्न माग गरेको छ ।

कारवाहीको माग गर्दै अनेमसंघ सिन्धुलीले मंगलवार प्रमुख जिल्ला अधिकारी मार्फत गृहमन्त्रालयलाई ज्ञापनपत्र बुझाएको छ ,। अनेमसंघले संघिय लोकतान्त्रिक गणतन्त्रको प्रतीकको रुपमा रहेको राष्ट्रपतिजस्तो गरिमामय संस्थाप्रति लाञ्छित गरी दिइएका अभिव्यक्तिप्रति कडा आपत्ति प्रकट गरेको छ । अखिल नेपाल महिला संघ सिन्धुलीका अध्यक्ष पार्वती सुनुवारको नेतृत्वको प्रतिधिमण्डलले प्रमुख जिल्ला अधिकारी योगेन्द्र प्रसाद पाण्डेलाई ज्ञापनपत्र बुझाइएको लज्जासपद, अमानवीय, अराजक र निकृष्ट ढंगले दिइएका अभिव्यक्तिप्रति अखिल नेपाल महिला संघ घोर निन्दा, भर्त्सना र खेद ब्यक्त गर्दछ विज्ञप्तीमा भनिएको छ ।

अनेमसङ्घले राष्ट्र, जनता तथा सिङ्गो महिला समुदाय, आमा दिदि बहिनीको अपमान हुने गरी गतिविधि सञ्चालन गर्नेमाथि कडा कारवाही गर्न सरकारसमक्ष माग समेत गरेको छ । ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पाण्डेले अनेमसंघले बुझाएको ज्ञापन पत्र तत्कालै गृह मन्त्रालयमा पठाउने प्रतिबद्धता व्यक्त गरे ।

अखिन नेपाल महिला संघले देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत् मंगलवार गृह मन्त्रालयमा ज्ञापनपत्र बुझाएको छ ।




पुनर्निर्माणमा कमजोर वर्गलाई मद्दत गरौँ।

पुनर्निर्माण तथा जनजीविकाको क्षेत्रमा क्रियाशील संघ/संस्था तथा व्यक्तिहरूले सहायता गर्दा सीमान्तकृत समुदाय, एकल महिला, वृद्धवृद्धा, विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति र परिवारलाई प्राथमिकता दिऔँ। उनीहरूलाई जीविकोपार्जन कार्यक्रममा सहभागी गराई आत्मसम्मानपूर्ण जीवन बाँच्ने अवसर दिलाऔँ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### आधुनिक्ताको प्रमुख कडी विद्युत

नेपालमा अहिले नेपाली जनताको माग अनुसारको विद्युत उत्पादन भई सकेको छ । अर्थात नेपाली जनताले दैनिक रुपमा प्रयोग गर्ने घरायसी उपकरण र वत्ती बाल्नका लागी प्रयोग हुने विद्युत उत्पादन भएको छ । यसैको कारण अहिले देश लोडसेडिङ मुक्त छ ।

देशमा उत्पादन भएको विद्युत खपत हुने अवस्था छैन, तर सिन्धुली जिल्ला सदरमुकाम सँग जोडिएका धैरै बस्तीहरुमा अझै पनि विद्युत सेवा विस्तार हुन सकेको छैन । अहिले सिन्धुली जिल्लामा नौ वटा स्थानीय सरकारहरु छन , जसमा एक स्थानीय तहमा बार्षिक रुपमा करडौ रुपैया बजेट खर्च गर्न गर्दछन तर अहिले पनि स्थीनयहरु विद्युत उपयोग गर्न पाएनौ भन्दै गुनासो गरी रहेका छन । स्थानीय सरकारहरुले स्थानीय बासीको आवश्यत्तालाई मध्य नजरगरी सोही अनुसारको विकास निर्माणहरु अगाडी बढाउने हो भने जनताले स्थानीय सरकारको अनुभुत्ति गर्ने थिए ।

सडक पछि विकास निर्माणको आधार भनेको विद्युत नै हो तर विडम्वना सिन्धुलीका ग्रामिण वस्तीका नागरिकले अहिले सम्म विद्युतको उपयोग गर्न पाएका छैनन । अहिले संचारको युग हो , संचारका हरेक उपकरण संचालन गर्न विद्युत आवश्यक पर्छ । सिन्धुली जिल्लामा रहेको जनसंख्या मध्ये झण्डै ८० प्रतिशत नागरिक अहिले पनि कृषि पेशामा आश्रित छन । आधुनिक कृषि प्रणालीलाई अगाडी बढाउन पनि विद्युति करणको विकल्प छैन ।

अहिले आधुनिक कृषिमा प्रणालीमा वा व्यासायीक रुपमा संचालन गर्ने हरेक कृषिपेशाका लागी पनि विद्युत आवश्यक छ । कुखुरा पालन होस वा भण्डारण घर स्थापना गर्न वा अन्य उपकरण संचालनको लागी विद्युत विना कल्पना समेत हुन छोडेको छ । तर जिल्लाका कृषक वा अन्न उत्पादन गर्ने क्षेत्रका कृषकहरु विद्युत अरुले बालेको हेरेर वस्न बाध्य छन । अब पनि स्थानीय सरकारले जनताको आवश्यत्तालाई ध्यान नदिने र आफुखुसी बजेट परिचालन गर्ने हो भने नागरिकमा निराशा छाउने छ ।

सक्सेस कम्प्युटर इष्टिच्युटमा नयाँ भर्ना सम्बन्धि सूचना ।

बिशेष छुट अफर
२ जना आए १ जना फ्रि, १ जना आए ४०% छुट
लोकसेवा पढ्नेहरुलाई वेसिक कम्प्युटर निःशुल्क

लोकसेवा तर्फ
खरिदार - २ महिना
नायव सुब्बा - ३ महिना
शाखा अधिकृत - ४ महिना
CMA - 2 months
ANM - 2 months
Staff Nurse - 2 months
H.A. - 2 months
J.T.A. - 2 months
बैंक,विद्युत प्राधिकरण- २ महिना

दैनिक कक्षा सञ्चालन
लोकसेवा : विहान ६-८ बजे, दिउँसो ४-६
कम्प्युटरः विहान ६ बजे देखी बेलुका ७ बजे सम्म

शिक्षक सेवा तर्फ
प्रा.वि, नि.मा.वि र मा.वि तहको कक्षा सञ्चालन

Computer Courses
Basic Computer : - 3 Months
Windows Office Package : - 4 Months
Diploma In Graphic Desion :- 3 Months
Diploma In Accounting Package :- 2 Months
Diploma In Computer Application : - 9 Months

सक्सेस कम्प्युटर इष्टिच्युट
क.न.पा - ६, २ नं. बजार सिन्धुली,
मो. ९८४४२४५३८३, ९८१७८४५०५४



खिमलाल देवकोटा

# अविश्वासमा राजनीति

अम्स्टर्डम युनिभर्सिटी ( विश्वविद्यालय) का प्राध्यापक टमले राजनीतिक विश्वास र लोकतन्त्रउपरको सङ्कटका बारेमा गरेको एक अनुसन्धानमा केही दशकयता राजनीतिक विश्वासमा तीव्र गतिले ह्रास आइरहेको छ भन्ने निष्कर्ष निकाल्नुभयो । खासगरी सरकार र संसद्जस्ता राजनीतिक संस्थाहरूमा आएको क्षयीकरण लोकतन्त्रउपर सङ्कटको एक डरलाग्दो उदाहरण हो भन्ने निष्कर्ष उहाँको छ । राजनीतिक विश्वासको क्षयीकरणको स्रोतका रूपमा व्याप्त भ्रष्टाचार, समावेशी संरचनाको अभाव र आर्थिकरूपले अक्षमतासहितको समाजिकीकरण बताउनुभएको छ ।

लोकतन्त्रमाथिको सङ्कटबारेमा झण्डै ४५ वर्ष अगाडि सामुएल हण्टिङ्टनसहितको अध्ययन प्रतिवेदनले दैनन्दिन शासकहरू उपरको वैधानिकतामा आएको ह्रासका बारेमा चिन्ता व्यक्त गरेको थियो । बेलायती प्राज्ञ थोमासेनले पनि सन् २०१५ मा राजनीतिप्रतिको अविश्वास र लोकतन्त्रउपरको सङ्कट वास्तवमा २० औँ शताब्दीको प्रतिनिधिमूलक लोकतन्त्रउपरको सङ्कटका रूपमा बुझ्न जरुरी छ भन्दै एक्काईसौँ शताब्दीको लोकतन्त्र प्रतिनिधिमूलक लोकतन्त्रबाट प्रत्यक्ष लोकतन्त्रमा रूपान्तरण हुन् जरुरी छ भन्ने सङ्केत गर्नुभयो ।

चिन्ताको विषय यो पनि बन्न पुगेको छ कि आजको दुनियाँमा राजनीति नै सबै नीतिको मूल नीति हो भन्ने कुरा प्रष्ट हुँदाहुँदै पनि राजनीतिक पार्टीमा औपचारिकरूपमा संलग्नता जनाउनेहरूको प्रतिशत भने अत्यन्त न्यून छ । डेनमार्कमा कुनै पनि व्यक्ति दल निरपेक्ष छैन तर प्रतिबद्धताका दृष्टिले हेर्ने हो भने कुल जनसङ्ख्याको पाँचदेखि १० प्रतिशतभन्दा बढी मानिसहरू राजनीतिक दलको सदस्य भएको भेटिँदैन । प्रतिबद्ध राजनीतिक दलका सदस्यहरूको न्यूनता भनेको राजनीति, राजनीतिक दल र लोकतन्त्रप्रतिकै अविश्वासको प्रमाण हो । यसैगरी प्रतिबद्ध राजनीतिक दलका सदस्यभन्दा स्वार्थ आधारित दल सदस्य र समर्थक हावी हुन् अवस्था भनेको पनि लोकतन्त्रमाथिको सङ्कट हो ।

लोकतन्त्रको प्रमाणपत्र प्राप्त गरेका भनी दावा गर्ने मुलुक अमेरिकाको हालै सम्पन्न निर्वाचन र निर्वाचन बखतका घटनाहरूको विश्लेषण गर्ने हो भने लोकतन्त्रको भेउ पाउन मुस्किल हुन्छ । अनपेक्षित कुरा त्यहाँ भएको छ । निर्वाचनका बखत लगाइएको लाञ्छना, निर्वाचन अधिकारीहरूका विरुद्ध गरिएको अविश्वास, अदालतमा दायर गरिएका झुट्ठा मुद्दाहरूको सङ्ख्या र निर्वाचनको अन्तिम परिणाम घोषणा गर्दै गरेको संसद् भवन ‘क्यापिटल हिल’ मा प्रदर्शन गरिएको ताण्डव नृत्यले अमेरिकी लोकतन्त्रको धज्जी उडाएको छ ।

श्रीलङ्कामा सन् २०१८ अक्टोबर २६ मा श्रीलङ्काका राष्ट्रपति मैत्रीपाला सिरिसेनाले प्रधानमन्त्री रणिल विक्रम सिंघेलाई अपदस्त गरी महिन्द्रा राजापाक्षेलाई नयाँ प्रधानमन्त्री नियुक्त गरिएको घोषणा गर्नुभएको थियो । प्रधानमन्त्रीले आफूसँग संसद्को बहुमत रहेको र राष्ट्रपतिले आफूलाई अपदस्त गर्न नसक्ने भन्दै सभामुखलाई संसद् बैठक बोलाउन आग्रह गर्दा राष्ट्रपतिले २७ अक्टोबरमा संसद् विघटन गरिदिए । उक्त विवाद अदालतमा गयो । सर्वोच्च अदालतले संसद् विघटन असंवैधानिक मात्रै भनेन, राष्ट्रपतिले अपदस्त गरेको प्रधानमन्त्रीलाई नै वैधानिक प्रधानमन्त्रीको मान्यतासमेत दियो । त्यसपछि विगतको घटनाबाट शिक्षा लिँदै श्रीलङ्काको संविधानको धारा ७०(१) ले संसद्को कार्यकाल साढे चार वर्ष पूरा गरेपछि नयाँ निर्वाचनमा जानेबाहेक संसद्को दुईतिहाई बहुमतले संसद् विघटनको प्रस्ताव पारित गरेपछि मात्रै संसद् विघटन हुने व्यवस्था गऱ्यो ।

सोभियत रुसको घटना अझ रोचक छ । नयाँ संविधानले प्रधानमन्त्री र राष्ट्रपतिको बन्दोबस्त गऱ्यो । भ्लादिमिर पुटिन प्रधानमन्त्री हुँदा राष्ट्रपति सेरिमोनियल (आलङ्कारिक) र फेरि पुटिन राष्ट्रपति हुँदा प्रधानमन्त्री सेरिमोनियल हुने अवस्था बन्यो । संविधानको व्यवस्थामा बिना कुनै फेरबदल अमूक पदमा अमूक व्यक्ति पदासिन भएका कारणले संविधानका प्रावधानहरूको व्याख्या र अर्थ फरक हुने राजनीतिक स्वार्थका कारणले राजनीतिप्रतिको अविश्वास बढ्दै जाने र लोकतन्त्रप्रतिको वितृष्णा बढ्दै जाँदा लोकतन्त्रमा सङ्कट आइलाग्ने अवस्थासमेत देखापरेका उदाहरण बर्गेल्ती भेटिन्छन् ।

लोकतन्त्रप्रतिको सङ्कट राजनीतिप्रतिको अविश्वास र वितृष्णाबाट अबको दुनियाँमा सिक्नुपर्ने पाठ के त ? अमेरिका, श्रीलङ्का, सोभियत रुससमेतका घटनाबाट नेपालले सिक्ने पाठ के ? चर्चा गर्न जरुरी भएको छ । नेपालको राजनीतिक इतिहासमा आजसम्म कुनै पनि सरकार र संसद्ले पूरा कार्यकाल भोग गर्न नपाएको सन्दर्भ र अकालमै संसद् विघटन गरिने कारणले अस्थिरता सिर्जना भएको विगतको तितो अनुभवबाट शिक्षा लिँदै नयाँ संविधानमा संसद् विघटन हुन् सक्दैन भन्ने व्यवस्था राखियो । संसद्बाट सरकार दिने विकल्प छँदासम्म संसद् विघटन हुनै सक्दैन भन्ने वाचा गरियो, पटकौँ भाषण गरियो । ती भाषण र अभिव्यक्तिहरू अहिले सामाजिक सञ्जाल र मिडियाहरूमा भाइरल बनेका हुन् । संविधानको व्यवस्थाको व्याख्या गर्ने क्रममा ती भाइरल बनाइएका सरोकारवाला व्यक्तिका अभिव्यक्ति गलत हुन् कि संविधानका व्यवस्थाहरू गलत

हुन् ? छुट्याउन कठिन भएको छ । संविधानका ती व्यवस्थाका वावजुद संसद् विघटन भएको छ । संसद् विघटनको परिघटनाले सत्तारुढ पार्टी अनौपचारिकरूपमा विभाजन भएको मात्रै छैन, मामला अदालतमा विचाराधीन छँदाछँदै पनि जनमत विभाजित भएको छ । विघटन ठीक कि बेठीक भन्नेमा जनमत विभाजित हुँदा आज सिङ्गो देश र जनता विलखबन्दमा परेका हुन् ।

संविधानतः स्थापित संस्थाहरूमाथि प्रश्न उठेको छ । गम्भीर अविश्वासको बादल मडारिएको छ । संसद् विघटनको सिफारिस गर्ने सरकार कार्यकारी हुन्ाका नाताले उसका विरुद्ध अविश्वास र शङ्काको प्रदर्शन नौलो कुरा भएन तर राष्ट्रपतिबाट जति हतारोमा यति गम्भीर विषयमा सदर गर्ने काम भयो, त्यसले आशङ्का मात्रै जन्माएन, पूर्व सभामुख दमननाथ ढुङ्गानाले ट्वीट गरेजस्तै प्रधानमन्त्रीका सल्लाहकारहरूले संसद् विघटनसम्बन्धी व्यवस्था नयाँ संविधानको होइन, पुरानै २०४७ सालको संविधानको देखाइदिएहुन् कि ? भन्न पर्ने अवस्था किन आइपऱ्यो ? मामला सर्वोच्च अदालतमा जाँदा नजाँदै प्रधानन्यायधीश आफैँले आफ्नो बेन्चमा राखेर कारण देखाउ आदेशसम्म पनि नगरी संवैधानिक इजलासमा किन पठाउनुभयो ? यति गम्भीर मुद्दाको सुनुवाइ निरन्तर गर्न छाडेर हप्ताको दुई दिन मात्रै गर्ने व्यवस्था किन गरियो ? इजलास गठनमा विना कुनै चित्त बुझ्दो आधार आफैँले रोजेका मानिस राखेर न वरियताको ख्याल छ, न विज्ञताको प्राथमिकता भन्ने गरी विवादलाई किन गहिरो बनाइयो ? बृहत्पूर्ण इजलासबाट हेर्ने विगतको अनुभवलाई अवलम्बन गरौँ भन्ने कानुन व्यवसायीहरूको मागलाई किन स्वीकार गरिएन ? प्रधानमन्त्री झगडिया, वर्तमान सल्लाहकार बहस गर्ने विगतका सल्लाहकाररु! आरम्भमा पेलेरै ठीक पार्ने ठानेर बहस आरम्भ भए पनि बीचैमा न्यायधीश आफैँले बेन्च - इजलास) मा बस्न अस्वीकार गर्ने अवस्था आएपछि पनि तदारूकताका साथ मामलालाई लिने काम किन गरिएन ? हुँदाहुँदा, पूर्व प्रधानन्यायधीशहरूको समूहकै विज्ञप्ति आयो ।

बहालवाला न्यायाधीशहरूमा पनि विभाजन आउने खतरा पैदा भएको छ । मात्रै एउटा संसद् विघटनको घटनाले जनताको मनोविज्ञान, दल, नेता, कार्यकर्ता, कर्मचारी, सङ्घ संस्था र नागरिक समाज विभाजित, राज्यका हरेक निकायहरू विभाजितरु! यो अवस्था किन पैदा भएको छ ? देश र जनतालाई एकताको सूत्रमा बाँधेर सर्वसम्मत हुन् नसके पनि ९० भन्दा बढी प्रतिशत जनप्रतिनिधिले जारी गरेको संविधानको प्रयोगमा आज किन यस खाले विभाजन देखा पर्दैछ । यो विभाजनको परिणाम जिम्मेवार दल संस्था र सङ्गठनहरूले भोग्न पर्छ भन्नेबारेमा सोच्न पर्दैन ?

नेपाली राजनीतिको विरासत सङ्घर्ष नै हो । हरेकखाले सङ्घर्षमा जनताले जित्नबाहेक हार्न जानेको छैन । आन्दोलनमा राजनीतिक दलहरूले श्रेष्ठता हासिल गरिसकेका हुन् । तर नेपाली राजनीतिले नजानेको के हो भने आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा कसरी गर्ने ? आन्दोलनमा जित्ने र जुट्ने, उपलब्धिमा फुट्ने र फुटाउने नेपाली राजनीतिको कला हो ? के अब नेपाली राजनीतिको मोडेलमा बहस गर्नुपर्ने भएको हो ? के अब लोकतन्त्रको मोडेलमाथि नै बहस गर्ने बेला भएको हो ?

विगत ७० वर्षको लामो सङ्घर्षपश्चात् आफ्नो संविधान आफैँ लेख्न पाउने, आफ्नो भाग्यको फैसला आफैँ गर्न पाउने माग संविधान सभामार्फत बनेको संविधानले पूरा गरेको थियो । तर सो संविधानले भन्दै नभनेको अवस्थामा संसद् विघटन भयो ।

संसद् विघटन राजनीतिक बाध्यता भनियो । राजनीतिक बाध्यता थियो भने संविधानका धारा किन उल्लेख गरियो ? यो संविधानको मामला थिएन भने अदालतमा किन प्रवेश

गरियो ? अदालतले अब लेखिएको संविधान हेरेर फैसला गर्छ कि नलेखिएको संविधानको सहारामा भन्ने प्रश्न हाम्रासामु खडा भएको छ । इतिहासको यो कालखण्डमा उपस्थित प्रश्नहरूको जवाफ समयले आजकै मानिसहरूबाट खोजेको छ । (लेखक वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।)

गोरखापत्र अनलाईनबाट साभार

सम्पूर्ण कृषि औजार एउटै छानामुनी



यहाँ हातेट्र्याक्टर, पानी तान्ने जर्मन (KSB) तथा चाइनिज पम्प, मिल, जेनेरेटर लगायत सम्पूर्ण मेसिनरी सामानहरु सुपथ मुल्यमा पाईन्छ । साथै जुन सुकै ब्राण्ड का मेसिनरी सामानहरु अर्डर अनुसार उपलब्ध गराईन्छ ।

रंजितकार इन्टरप्राइजेज
१ नं.बजार, सिन्धुली
सम्पर्क : ९८४४०७५४७२, ९८४१९६०६६९




हामी कहाँ उपलब्ध सेवाहरु :



कमलामाई नगरपालीका ५ मधुटार (सिलामे जाने बाटैमा)

- स्पेसल नेवारी खाजा सेट, तयारी खाजा सेट, सुकटी खाजा सेट, (**बफ, चिकेन, भेज म:म**), चाउमिन, (**थुप्पाः वफ, चिकेन, पोर्क, भेज**), माछा फ्राई, चिकेन फ्राई, मटन फ्राई, सुकुटि फ्राई, सुकुटी सादेको, मटन, बफ, भुटन, वफ खागो, वफ जिव्रो, वफ गिदी, चिकेनचिल्लीका साथै आलु भटमास, बदम सादेको पनि पाइन्छ ।

यहाँ सम्पूर्ण नेवारी खाजाका सेट पाउनुका साथै अडर अनुसार लोकल कुखुराको मासु र ढिडोको समेत व्यवस्था छ ।

‘तपाईको स्वास्थ्य र स्वाद प्रति सदैव प्रतिबद्ध छौ ।’ प्रो. सन्तोष श्रेष्ठ

# साहित्य रचना

## कविता : प्रहसन



*प्रकाशकुमार सिग्देल*

बिहानको चिसो
सिरेटोको स्पर्शसँगै
शीतको तप्प-तप्पचुहाईले
भिजेका मेरा आँखा
खुल्न गाह्रो मानिरहे
बल गरेरै भएपनि खोलें
स्वर्गको टुक्रामा
उषा-किरणले रङ्ग भर्दै थिइन्
आफ्नै घरको छानोतिर
नजर डुलाउँदै थिएँ म
नियतिले मेरो सानो
खरको छानो उधिनेर
यो अनन्तछानो
दिएको थियो मलाई
यसमै खुसीथिएँ म
यहि सस्तो खुसीमापनि
कस्को नजर लाग्यो कुन्नि?
एउटा जेट (देश)डगमगाएको देखें
हल्काधुवाँले घेरेको
मुस्लो निस्कदै थियो बिचबाट
ऊ व्यस्तथियो म सँगको
दुरी कम गराउन
भक्कानो छुट्यो,
तर अड्कियो घाँटीमै
म सकिन कराउन
आफू बचुँ या त्यसलाई बचाउँ
विकल्प शुन्य भएँ म
दुख्न थाल्यो मुटुको घाउ
मनले बाँच्ने बचाउने आँट दिएन
किनकी दुई हत्केलाबाहेक
म सँग अरु केही थिएन
भागु कहाँ भागु
छिमेकीले आफ्नो जग्गामा
पाइलो टेक्न दिन्न
छिमेकी हाँस्दै थियो
मेरो मन भयो खिन्न
किनकी मेरो चिता
उसको लागि ठण्डि यामको
रापबन्ने निश्चितथियो
मेरो आवाज सुनिदिने
कोहि थिएनन् ।
सुनाउने धेरै थिए
त्यसमध्ये आडैको रेडियोको
कान निमोठी दिएँ
पहिले समाचार आउने
बेलामा अहिले
प्रहसन सुन्नपाएँ मैले
हाँस्न मन थियो
आकाशै मै माथिझरे पनि
अन्ननपाएर डाम्रिएको पेटसँगै
किनखुल्थ्यो ओंठमाहाँसो
जति नैं बल गरे पनि

भूकम्पपछिको पुनर्निर्माणमा सदाचार अपनाऔं
भूकम्पपछिको पुनर्निर्माण र पुनस्र्थापनामा समस्या छ ? भए हामीलाई खबर गर्नुहोस्
हटलाइन (नि:शुल्क) १६६० ०१ २२ २११
एसएमएस ९८४३२४१९०९
इमेल complain@tinepal.org
टेलिफोन ०१-४४७५२६२
फ्याक्स ०१-४४७५११२
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरुद्धको सहकार्य
छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: ११४८६
E-mail: trans@tinepal.org
Web: www.tinepal.org /tinepal
नोटिस बोर्ड: १६१८-०१-४४-७५-११२
सिन्धुली जिल्ला सम्पर्क:
कमलामाई नगरपालिका,
वडा नं. ६, प्लट नं. २ बजार,
फोन: ०४७-५२११९८
सहयोग:
European Union
भूकम्पपछिको पुनर्निर्माण र पुनस्र्थापनासम्बन्धी नीति-निर्माण, योजना कार्यान्वयन र अनुगमनमा सहकार्य

शिद्धबाबा दाना चल्ला सप्लायर्स
क.न.पाः-६, कृषि उपज बजार, सिन्धुली

यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ । यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलब्ध छ ।





सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००,
०४७-५२०६१२

# स्वास्थ्य र जीवन

## आखिर किन दिइन्छ खाली पेटमा लसुन खान सल्लाह ?

तपाईंले तौल कम गर्नका लागि कागती पानीको फर्मूला त पक्कै पनि अपनाउनुभएको होला । ग्रीन टी पनि खाएर हेर्नुभएको छ होला तर तपाईंले खाली पेटमा कहिल्यै लसुन खाएर हेर्नुभएको छ त ?



खाली पेटमा लसुन खाँदा स्वास्थ्यका लागि विभिन्न फाइदा पुग्छन् तर यसबारे निकै कमलाई मात्रै थाहा छ । लसुन एक चमत्कारी चिज हो । थसमा विभिन्न प्रकारका औषधीय गुण हुन्छ र यदि तपाईं खाली पेटमा लसुनको सेवन गर्नुहुन्छ भने तपाईंले यसका सबै फाइदा पाउन सक्नुहुन्छ ।

लसुन एक प्राकृतिक एन्टी बायोटिक हो । यसले थुप्रै प्रकारको संक्रमण रोक्न प्रभावकारी भूमिका निर्वाह गर्छ । यसमा निको पार्ने गुण पनि छ । यस्तोमा यदि तपाईं अहिलेसम्म पनि चियाको कपले दिनको सुरुवात गर्नुहुन्छ भने अब यो बानी छोडेर लसुन खाने बानी बसाल्नुहोस् ।

**१. पेट सफा गर्छ** : लसुनमा शरीरको विषाक्त पदार्थलाई सफा गर्ने गुण हुन्छ । साथै यसले पेटमा भएको ब्याक्टेरियालाई पनि नष्ट गर्ने काम गर्छ । विशेषगरी जब तपाईं यसलाई खाली पेटमा खानुहुन्छ ।

**२. नसालाई झन्झन् हुनबाट रोक्छ** : थुप्रै रिपोर्टमा बताइए अनुसार खाली पेट लसुनको सेवन गर्दा नसामा झन्झन् हुने समस्या टाढा रहन्छ ।

**३. उच्च रक्तचापको समस्यामा राहत** : स्वास्थ्य विशेषज्ञका अनुसार जसलाई उच्च रक्तचापको समस्या छ उनीहरुका लागि खाली पेट लसुनको सेवन गर्नु निकै फाइदाजनक हुन्छ । यसले रक्त सञ्चार बढाउने काम गर्छ । साथै, मुटुको स्वास्थ्यका लागि पनि यसको सेवन गर्नु फाइदाजनक हुन्छ ।

**४. कोलेस्ट्रोलका लागि** : यदि तपाईं खाली पेटमा लसुनको सेवन गर्नुहुन्छ भने यसले कोलेस्ट्रोलको स्तरलाई पनि नियन्त्रित गर्न मद्दत गर्छ ।

**५. रोग प्रतिरोधी क्षमताका लागि** : लसुनको सेवनले रोग प्रतिरोधी क्षमता पनि बढ्ने गर्छ । यसले हाम्रो शरीर निकै राम्रो तरिकाले रोगको सामना गर्नसक्छ ।

## तीनपाटन गाउँपालिकाको कार्यालय
### सिन्धुली

**प्रथम पटक प्रकाशित मितिः २०७७/९/२९**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद-३ को दफा ११ को उपदफा (घ) को ६ मा भएको व्यवस्था अनुसार यस तीनपाटन गाउँपालिकाको मिति २०७७/८/२३ गते बसेको गाउँ कार्यपालिकाको बैंठक तथा राजस्व परामर्श समितिको मिति २०७७/९/२८ गते बसेको बैठकको निर्णयानुसार आइ. ई. ई. प्रतिवेदनको आधारमा गिट्टी, बालुवा, ढुंगा, उत्खनन, संकलन तथा निकासी गरी आन्तरिक कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र डाक बढाबढाको लागि तपशिल बमोजिम सर्त तथा बन्देज अनुसार शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

**तपशिल :**

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्यूनतम बोल कबोल रकम (भ्याट बाहेक) | उत्खनन/संकलन/ निकासी बिक्री प्रति क्यू फिट (भ्याट बाहेक) |
|---|---|---|---|
| TRM/W/SQ/01/077/78 | प्याकेज-१ कन्या, हाँडी, भालु, लंगुर र वाङरिङखोला | ४,००,०००।- (चार लाख) | ९ (नौं) रूपैयाँ |
| TRM/W/SQ/02/077/78 | प्याकेज-१ चँदाहा, जिर्गाहा, झुगाँ र कुमालेखोला | ५,००,०००।- (पाँच लाख) | |

१. इच्छुक योग्य बोलपत्रदाताले रू.१,०००।- (एक हजार) दस्तुर पछि फिर्ता नहुने गरी नगदै बुझाई वा तीनपाटन गाउँपालिकाको बैक अफ काठमाडूको तीनपाटन शाखामा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं. ०१८२०००००८१४५२४ मा बुझाएको सक्कल भौंचार साथ आ.व. ०७७/७८ को लागि नवीकरण भएको ईजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्र र आ.व. ०७६/७७ को कर चुक्ता गरिएको प्रमाणपत्र, कालो सूचीमा नपरेको भनी घोषणा गरिएको पत्रहरुको प्रमाणित प्रतिलिपी, नेपाल सरकारको अधिकृत वा नोटरी पब्लिकबाट प्रमाणित गरिएको कागजात संलग्न राखी यस कार्यलयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी बोलपत्र खरिद गर्न सकिनेछ ।

२. शिलवन्दी दरभाउ पत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमशः हुनेछ ।

३. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन, म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

४. खरिद भएको बोलपत्रको प्रत्येक पानामा सहीछाप र शिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ठिक १२:०० बजेसम्म खामवन्दी गरी यस कार्यलयमा पेश गरी दर्ता गर्नुपर्नेछ । तोकिएको समयमा दर्ता हुन आएका फर्महरु सोही दिनको २:०० बजे फर्महरुको प्रतिनिधि र यस गाउँपालिकाको पदाधिकारी सहितको उपस्थितिमा कार्यालयमा खोलिनेछ । तर फर्मको प्रतिनिधि वा फर्मवाला आफैं उपस्थित हुन नसकेमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. ठेक्का लिने इच्छुक फर्म, कम्पनीले १५ (पन्ध्र) महिना अवधिको कवोल गरेको अंकको १००% (सत प्रतिशत) अग्रिम कार्यसम्पादन धरौटी यस कार्यालयको बैंक अफ काठमाण्डू, तीनपाटन शाखामा रहेको धरौटी खाता नं. ०१८२००००००१६५२४ मा जम्मा गर्नुपर्नेछ ।

६. शिलवन्दी वोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । दररेट केरमेट भएमा वा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. ढुंगा, गिट्टी, वालुवा उत्खनन र संकलन् गर्ने र तोकिएको स्थानमा घाटगद्दी गरी नापजाँच गरी लैजाने व्यवस्था गाउँपालिकको निर्देशन वमोजिम हुनेछ ।

८. आई.ई.ई. प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ, उत्खनन र संकलन गर्दा हाते मेसिन/औजारको प्रयोग गर्नुपर्नेछ । तीनपाटन गाउँपालिकाले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम उत्खनन, संकलन र बिक्री भएको नपाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

९. ठेकेदारले कवोल गरेको रकम दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दा ५०% (पचास प्रतिशत) रकम अग्रिम रुपमा बुझाउनु पर्नेछ भने दोस्रो किस्ता ५०% (पचास प्रतिशत) बापतको रकम चैत्र मसान्त भित्र बुझाई सक्नुपर्नेछ । एकमुष्ट रकम अग्रिम बुझाएमा १०% (दश प्रतिशत) छुट प्रदान गरिनेछ । नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर वापतको रकम अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

११. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०% (दश प्रतिशत) व्याज जोडी असुल उपर गरिनेछ । सम्झौतामा कवोल गरेको अङ्क समयमै नबुझाएमा सरकारी बाँकी सरह असुल गरी कालोसूचीमा राख्न कारबाही अघि बढाइने छ ।

१२. ठेक्का संचालनको अवधिमा कुनै किसिमको छूट, माफी, मिनाहा हुनेछैन । बन्द, हड्ताल, प्राकृतिक प्रकोप जस्ता असामान्य परिस्थिति भए/परेमा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१३. सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, गिट्टी बालुवा लगायतका कुनै पनि सामाग्री संकलन वा संचय गरी राख्न र ढुंगा, गिट्टी बालुवा बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

१४. जुन वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र तोकिएको समयसम्म मात्र ठेकेदारले संकलन गरेको वस्तुहरु सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१५. भू-क्षय तथा नदी नाला प्रवाहको दिशा परिवर्तन हुने गरी वा पानीको सतह भन्दा तलबाट ढुंगा, गिटी, वालुवा संकलन तथा उत्खनन गर्न पाइने छैन ।

१६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तीनपाटन गाउँपालिकामा निहीत रहनेछ ।

१५. यो ठेक्काको अवधि २०७७ जेष्ठ मसान्तसम्म रहनेछ ।

१७. यसमा उल्लेखित नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।



कमलामाई नगरपालिका ६ स्टलबजार नजिक सडकको छेउमा माघे संक्रान्तिलागि चाहिने तरुल, पिडालु लगाएतका कन्दमुल विक्रि गर्दै स्थानीय बासिन्दाहरु । माघेसंक्रान्ति नजिकिएसंगै तरुलको व्यापार बढ्दो छ। फोटोः प्रभात समाचार दैनिक

# नेपालको आफ्नै स्याटेलाइट : परामर्शका लागि नौ कम्पनीको आवेदन

काठमाडौं, २८ पुष / अन्तरिक्षमा नेपालको आफ्नै स्याटेलाइट राख्न आवश्यक प्रक्रियागत परामर्शका लागि विभिन्न देशका नौ कम्पनी इच्छुक देखिएका छन् । स्याटेलाइट सञ्चालनका लागि आवश्यक कानुनी, आर्थिक र सञ्चालन 'मोडालिटी'मा समेत परामर्श उपलब्ध गराउने गरी नेपाल दूरसञ्चार प्राधिकरणले गरेको आह्वानमा ती कम्पनीको आवेदन परेको हो ।

प्राधिकरणका अनुसार आवेदन दिनेमा चीन, फ्रान्स, बेलायत, भारत, दुबई, सिङ्गापुर, जर्मनीका विभिन्न कम्पनी छन् । अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्गठन (आईटीयू)ले अन्तरिक्षमा स्याटेलाइट राख्न सक्ने गरी नेपाललाई दुईवटा 'अर्बिटल स्लट' उपलब्ध गराएको छ । त्यही स्लटमध्ये उपयुक्त छनोट गर्ने, सहकार्यमा स्याटेलाइट सञ्चालन गर्न सक्ने, नेटवर्क क्षमता र स्याटेलाइट प्रविधिमा भएका पछिल्ला परिवर्तनको जानकारी राख्ने, स्याटेलाइट निर्माताबीच तुलनात्मक अध्ययन गर्ने, स्याटेलाइट स्थापनाको खर्च तथा त्यसबाट भविष्यमा हुने आम्दानीको आकलन गरेर प्राधिकरणलाई परामर्श उपलब्ध गराउनु पर्नेछ । प्राधिकरणका अनुसार आवेदन दिनेमा चीनको बेइजिङ स्पेस की टेक्नोलोजी, फ्रान्सको युरो कन्सल्ट, बेलायतको लन्डन इकोनोमिक्स र किस्पे टिम (जेभी), भारतको केपीएमजी एर्गो ( जेभी), संयुक्त राज्य अमेरिकाको स्पेस पार्टनरसिप इन्टरनेसनल, दुबईको एस थ्री टेलइङ्क, सिङ्गापुरको सेलेस्टियल कन्सल्टिङ सर्भिसेज र जर्मनीको स्पेस टेक पार्टनर्स रहेका छन् ।

आवेदन दिएकामध्ये तीन वा छवटाको सङ्क्षिप्त सूची बढीमा १५ दिनभित्र सार्वजनिक गरिने प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए । सूचीमा परेका कम्पनीबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेर त्यसको मूल्याङ्कनपछि परामर्श लिने कम्पनी टुङ्गो लगाइने उनले बताए । यसका लागि बढीमा दुई महिनासम्म लाग्न सक्ने प्राधिकरणको अनुमान छ । गोरखापत्र अनलाईनबाट साभार


## Sunkoshi Rural Municipality
# Office of the Rural Municipal Executive
## Ramtar, Sindhuli

## INVITATION FOR BIDS

**Second Date of publication: 2077/09/29**

1. The Sunkoshi Rural Municipality, Ramtar, Sindhuli invites sealed bids from eligible firms, suppliers and bidders for Procurement of goods / works.

| S.N. | Contract No. | Description of work | Estimated amount with VAT Nrs. | Bid Security Amount Nrs. |
|---|---|---|---|---|
| 1 | SUNRM/NCB/ 06/077-78 | Procurement Of Gabion Box | 14,48,343.60 | 36,500.00 |
| 2 | SUNRM/NCB/ 11/077-78 | Gaikhura-Ramtar Sichai, Sunkoshi Rural Municipality-5 | 14,48,660.00 | 36,500.00 |

2. A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Bidders Registration, VAT Registration and Tax clearance certificates of F/Y 076/77 at Sunkoshi Rural Municipality, Ramtar, Sindhuli. Bidding documents can be purchased within the office hours on or before 2077/10/14.

Information to deposit the cost of bidding document in Bank:
Cost of Bid-Document : Nrs. 1,000/- (Non Refundable)
Name of the Bank: RastriyaBanijaya Bank, Ratamata, Sindhuli
Name of Office: Sunkoshi Rural Municipality Office, Sindhuli
Office Account no :-1480100301010002

3. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security valid for a period of 30 days beyond the validity period of bid. If bidder wishes to submit the cash security, the cash to be deposited in Deposit Account No. 1480100303000002 and submit receipt of deposited amount along with sealed bids.

4. Sealed – Bids must be delivered to the Sunkoshi Rural Municipality Office, Sindhuli on or before 12:00 hrs. of 16th day of publication of Notice. Late bids will be rejected. Bids will be opened physically at 14:00 hours on the same day of bid submission in the presence of the bidders or their representatives who choose to attend.

5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of bid security shall remain the same as specified for the original last date of bid submission.

6. Eligible Bidders may obtain further information from the office of Sunkoshi Rural Municipality, Ramtar, Sindhuli, during office hours or may visit www.sunkoshimunsindhuli.gov.np.

……………………..
**Chief Administrative Officer**


# यस्तो पनि समाचार

## आफ्नै मृत्युबारे भविष्यवाणी गर्ने स्वामी विवेकानन्द

एजेन्सी / भारतका आध्यात्मिक गुरु विवेकानन्दको पूरा जीवन बुझ्न र मनन गर्न योग्य छ । यद्यपी केही यस्ता छन्, जो तपाईलाई रोचक लाग्नेछ । स्वामी विवेकानन्दको जन्मजयन्तीको अवसरमा उनीसँग जोडिएका १० खास कुराबारे आज हामी चर्चा गर्दैछौं । उनको अध्यात्मिक जीवनमा निकै महत्वपूर्ण रह्यो । तपाईलाई यो सुन्दा अचम्म लाग्दा कि विवेकानन्दले निकै पहिले नै आफ्नो मृत्युबारे भविष्यवाणी गरेका थिए । उनीबारेका १० रोचक तथ्य पढ्नुस्

१.स्वामी विवेकानन्दको जन्म कलकत्ताको कायस्थ परिवारमा भएको थियो । उनको बाल्यकालको नाम नरेन्द्रनाथ दत्त थियो । उनका बाबु विश्वनाथ दत्त कलकत्ता हाईकोर्टमा वकिल थिए, आमा भुवनेश्वरी देवी धार्मिक विचार राख्ने महिला थिइन् ।

२. नरेन्द्रनाथ १८७१ मा आठ वर्षको उमेरमै विद्यालय गए । १८७९ मा उनले प्रेसिडेन्टी कलेजको प्रवेश परीक्षामा पहिलो स्थान हासिल गरे ।

३.उनी २५ वर्षको उमेरमा घर छाडेर सन्यासी बनेका थिए । सन्यास लिएपछि उनको नाम विवेकानन्द रह्यो ।

४.रामकृष्ण परमहंस र स्वामी विवेकानन्दको पहिलो भेट १८८१ मा कलकत्ताको दक्षिणेश्वरको काली मन्दिरमा भएको थियो । परमहंसले उनलाई शिक्षा दिएका थिए । सेवा दान होइन, बरु सारा मानवतामा निहित ईश्वरको सचेतन आराधना हुनुपर्छ भनेर उनले बुझाएका थिए ।

५.विवेकानन्दले जब रामकृष्णलाई भेटे, तब उनले सोधेका थिए, 'के तपाईले भगवान् देख्नुभएको छ ?' रामकृष्ण परमहंशले जवाफ दिए, 'देखेको छु, मैले भगवान्लाई त्यति नै स्पष्टसँग देखेको छु, जति तिमीलाई देख्नसक्छु । फरक केवल यति छ कि म उनलाई तिमीभन्दा धेरै गहिराईमा गएर महसुस गर्नसक्छु ।'

६.अमेरिकामा भएको धार्मिक सभामा जब स्वामी विवेकानन्दले 'अमेरिकाका दाजुभाई-दिदी बहिनी' भनेर सम्बोधन गर्न थाले, तब २ मिनेटसम्म आर्ट इन्स्टिच्युट अफ शिकागोमा निरन्तर ताली बजिरह्यो । ११ सेप्टेम्बर १८९३ को यो दिन ऐतिहासिक मानिन्छ ।

७.स्वामी विवेकानन्दले १ मई १८९७ मा कलकत्तास्थित रामकृष्ण मिशन र ९ डिसेम्बर १८९८ मा गंगा नदीको किनारस्थित बेलूरमा रामकृष्ण मठको स्थापना गरेका थिए ।

८.विवेकानन्दको जन्मजयन्तीको सम्झना गर्दै हरेक दिन १२ जनवरीमा भारतमा राष्ट्रिय युवा दिवस मनाइने गरिन्छ । १९८५ देखि स्वामीको जन्मजयन्तीलाई युवा दिवसका रुपमा मनाउन थालिएको हो ।

९.स्वामीजीलाई दम र सुगर थियो । यसैलाई लिएर उनले भनेका थिए, 'यी रोगहरुले मलाई ४० वर्ष पनि कट्न दिदैंनन् ।' आफ्नो मृत्युबारेको उनको यो भविष्यवाणी सही निस्कियो । ३९ वर्षको उमेरमा ४ जुलाई १९०२ मा बेलूरस्थित रामकृष्ण मठमा ध्यानमग्न अवस्थामा उनले महासमाधि धारण गरेर प्राण त्यागे ।

१०.स्वामी विवेकानन्दको अन्तिम संस्कार बेलूरमा गंगा किनारमा गरिएको थियो । ठिक त्यही ठाउँको विपरित किनारमा जहाँ उनका गुरु रामकृष्ण परमहंसको अन्तिम संस्कार गरिएको थियो ।


## बिट्स वाशिङ्ग उधोग (बिट्स कन्स्ट्रक्सन प्रा.ली.)
## कमलामाई नगरपालिका वडा नं. १ सिन्धुली

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित

**प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना**

बिट्स वाशिङ्ग उधोग (बिट्स कन्स्ट्रक्सन प्रा.ली.) कमलामाई नगरपालिका वडा नं. १ सिन्धुली बागमती प्रदेश, नेपाल संचालन गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी सम्बन्धी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मितिः२०७७/०९/२९)**

बिट्स वाशिङ्ग उधोग (बिट्स कन्स्ट्रक्सन प्रा.ली.) कमलामाई नगरपालिका वडा नं. १ सिन्धुली बागमती प्रदेश, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः बिट्स वाशिङ्ग उधोग (बिट्स कन्स्ट्रक्सन प्रा.ली.)<br>ठेगानाः कमलामाई नगरपालिका वडा नं. १, सिन्धुली<br>सम्पर्क व्यक्तिः बिष्णु खतिवडा, |
| प्रस्तावको व्यहोरा | कमलामाई नगरपालिका अन्तर्गत पर्ने कमलामाई नगरपालिका वडा नं. १ मा बिट्स वाशिङ्ग उधोग संचालन गर्ने।<br>ढुगा, गिट्टी,बालुवा वासिंग |
| प्रभाव पर्ने सक्ने जिल्लार न.पा | कमलामाई नगरपालिका वडा नं. १ जिल्ला सिन्धुली बागमती प्रदेश, नेपाल |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा.र गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकार वाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| परामर्शदाताको नाम र ठेगाना | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.ली.<br>काठमाण्डौं.म.न.पा.-२९<br>अनामनगर, काठमाण्डौं,<br>फोन नं-९८५१२२२९७०, ९८४००७७४५४<br>email:envdev15@gmail.com,<br>kgusha@gmail.com | नाम : बिट्स वाशिङ्ग उधोग (बिट्स कन्स्ट्रक्सन प्रा.ली.)<br>ठेगाना : कमलामाई नगरपालिका वडा नं. १, सिन्धुली<br>सम्पर्क व्यक्ति : बिष्णु खतिवडा<br>फोन नं. ९८५१११२१६७ |


प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली, मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, , फोन : ०४७ - ५२०३९० Email : pravatsamachar2068@gmail.com, website : www.pravatsamachar.com, www.esajhanepal.com